



हवकूक
ई.पू.६०५
अश्शूरको पतन हुँदैछ र एउटा नयाँ देशको उदय हुँदैछ ।
(१) कल्दीहरू दक्षिणी बेबिलोन(आधुनिक इराक)का फिरन्ते जातिहरू हुन् जो टाइग्रिस र यूफ्रेटिस नदी वरिपरि बस्दथे । "कल्दी" पछि गएर "बेबिलोन"को पर्यायवाची हुनपुग्यो ।
फारो नेकोको सेना अश्शूरीहरूलाई सहायता गर्न यहूदाको बाटो भएर जाँदै गरेका बेला यहूदाका धर्मी राजा योशियाह मारिएका थिए ।
धर्मी राजाको निधन र बेबिलोनले ल्याएको हिंसाको माझमा अगमवक्ता हवकूक आफ्ना गुनासोहरू परमेश्वरलाई पोख्छन् ।


हे, परमप्रभु, कहिलेसम्म सहायताको लागि मैले पुकार्ने तर तपाईं सुन्नुहुन्न ? म तपाईंमा पुकारा गर्छु तर कुनै उत्तर छैन ।
"यस सहरमा भएको हिंसा र हत्याको कारण म रून्छु तर कोही बचाउन आउँदैन ।"
"मेरो वरिपरिको यो पाप र उदासी के मैले सधैँ हेर्नुपर्छ ?"
"जहाँ हेरेपनि म अत्याचार र घूस मात्रै देख्दछु ।"
"कानून लुलो छ र अदालतबाट न्यायको कुनै फैसला निस्कँदैन । धर्मीहरूको भन्दा दुष्टहरूको संख्या बढी भएको छ ।"


"म जे गर्न लाग्दैछु त्यसलाई देखेर तँ छक्क पर्नेछस् !"
यो तेरै जीवनकालमा हुनेछ र तैँले विश्‍वास गर्न यसलाई देख्नुपर्नेछ ।
म एउटा ठूलो शक्ति बेबिलोनीहरूलाई खडा गर्दैछु, एउटा यस्तो क्रूर र उग्र जाति जो सारा पृथ्वीभरि बढेर जानेछन् र त्यसलाई कब्जा गर्नेछन् ।
तिनीहरूका घोडाहरू चितुवाहरूभन्दा फुर्तिला र साँझमा निस्कने ब्वाँसाहरूभन्दा क्रूर हुन्छन् ।
तिनीहरू खानलाई वेग हान्ने चीलझैँ उडेर आउनेछन् ।
तर तिनीहरूको दोष गहिरो छ किनकि तिनीहरूले आफ्नो शक्तिको श्रेय आफ्नो देवतालाई दिन्छन् ।


“हे पवित्र परमेश्वर –के यो सबै हामीलाई नाश गर्ने तपाईंको योजना हो त ? पक्कै होइन !”
“हाम्रा घिनलाग्दा पापहरूको निम्ति हामीलाई ताड्ना दिन तपाईंले यी बेबिलोनीहरूलाई नियुक्त गर्नुभएको छ ।”
हामी दुष्ट छौँ, तर तिनीहरू अझ धेरै दुष्ट छन् !
तपाईं जसले कुनै पनि पापलाई हेर्न सक्नुहुन्न, यी दुष्टले हामीलाई निल्दा के तपाईं हेरेर बस्नहुन्छ र ?
“यी दुष्टहरूले आफूभन्दा धर्मी मानिसहरूलाई नाश गर्दा के तपाईं चुप लाग्नुहुन्छ र ?”
“तिनीहरूका निम्ति हामी पक्रिने र मारिने माछाहरू वा शासकविनाका घस्रने जन्तुहरू जस्ता मात्र छौं ।”
“के हामीहरूलाई तिनीहरूले बल्छीले उनेर निकालेको अनि आफ्नो जालमा हामीलाई पक्रेर रमाएको तपाईं चाहनुहुन्छ ?
“तिनीहरूले आफ्ना जालहरूलाई पूजा गर्छन् र त्यसलाई देवता मानेर धूप बाल्छन् !”
के तपाईंले तिनीहरूलाई सधैंका निम्ति त्यसो गरिरहन दिनुहुन्छ र ?
यस उजूरको कस्तो जवाफ मैले दिनुपर्ने हो त्यसको निम्ति म हेरिबस्नेछु ।



यो दर्शन सफासित लेख् ।
तोकिएको समयमा यो पूरा हुन आउनेछ ।
कल्दीहरूले जस्तै दुष्ट मानिसहरूले आफूमाथि भरोसा गर्छन् र तिनीहरू विफल हुन्छन् ।
तर धर्मी विश्वासद्वारा जिउनेछन् ।
धिक्कार त्यसलाई जसले रक्तपात र लुटद्वारा सहर निर्माण गर्छ !
के मानिसहरूको अनुचित लाभहरू तिनीहरूको हातमा खरानी हुनेछन् भनेर परमेश्वरले ठहराउनुभएको होइन र ?
समय आउनेछ जब समुद्र पानीले ढाकिएझैँ पृथ्वी परमप्रभुको महिमाको ज्ञानले भरिनेछ ।


धिक्कार जसले आफ्ना छिमेकीहरूको नाङ्गो शरीर हेर्नलाई तिनीहरूलाई कडा मद्य दिन्छन् ।
तैँले जङ्गल फँडानी गरिस्, अब तँ काटिनेछस् !
तैँले जङ्गली जनावरहरूलाई भयभीत तुल्याइस्, अब त्रासले तँलाई छोप्नेछ ।
मान्छेले बनाएको मूर्तिलाई पूजा गर्नुमा के फाइदा छ र ?
तेरै हातले बनाएको काममा भरोसा गर्नु कति मूर्ख कुरा हो । के मूर्तिले बोल्नसक्छ र ?
"तर परमेश्वर आफ्नो पवित्र मन्दिरमा हुनुहुन्छ, सारा सृष्टि उहाँको सामुन्ने चूपचाप रहोस् ।"



हवकूक २:१५–२०


हे, परमप्रभु, मैले तपाईँको ठूलो कीर्तिको बारेमा सुनेको छु र तपाईँका कार्यहरू देखेर म छक्कै पर्छु ।
विगतमा झैँ हामीलाई फेरि सहायता गर्नुहोस् ।
हामीलाई बचाउन तपाईँको शक्ति प्रकट गर्नुहोस् ।
तपाईँको क्रोधमा पनि दयाको सम्झना रहोस् ।
"मैले परमेश्वर तेमानबाट, पारान पर्वतबाट आउनुभयो... पृथ्वी र आकाश उहाँको चमकदार गौरवले भरिएको थियो, स्वर्ग उहाँको महिमाले अनि पृथ्वी उहाँको प्रशंसाले भरिएको छ !"
"उहाँको अगि रूढी फैलिँदैगयो, महामारी उहाँको पाइला पछिपछि लाग्यो ।"
उहाँले जातिजातिहरूलाई हल्लाउनुहुन्छ र सनातनका पर्वतहरूलाई तितरबितर पार्नुहुन्छ र डाँडाहरूलाई सम्याउनुहुन्छ ।"
के तपाईँले क्रोधमा नदीहरूलाई हिर्काउनुभएको अनि समुद्रलाई दुई भाग पार्नुभएको होइन र ?"
"होइन, तपाईँले आफ्ना उद्धारका रथहरू पठाउँदै हुनुहुन्थ्यो !"


"सूर्य र चन्द्र आकाशमा टक्क अडिए.... आफ्ना मानिसहरूलाई उद्धार गर्न तपाईं निस्कनुभयो ।"
"हामीलाई आक्रमण गर्ने जातिमाथि आउने विपत्तिका दिनका निम्ति म धैर्यसाथ पर्खिरहनेछु ।"
तपाईंले मलाई दिनुहुने आशिषलाई म आराधना गर्दिनँ म त तपाईंलाई मात्र आराधना गर्दछु ।
मेरो उद्धार गर्नुहुने परमेश्वरमा म रमाउनेछु ।
"चाहे अञ्जीरको रूखमा मुना नलागोस्, चाहे जैतून रूखमा फल नलागोस् ।"
"यदि खोरमा भेडाबाख्रा नभएपनि, गोठमा गाईवस्तुहरू रहेनन् भने पनि..."
म परमेश्वरमा भरोसा गर्नेछु जसले सधैँ जे सही छ, त्यही गर्नुहुन्छ ।